गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पर्वत**
कुश्मा ,नेपाल

# स्वास्थ्य कार्यालय , पर्वतको
# जनस्वास्थ्य बुलेटिन

वर्ष :२ अंक :९ महिना :९ कार्तिक २०८१

## मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम

स्वास्थ्य कार्यालय पर्वतको आयोजना र पैंयू गाउँपालिका को समन्वयमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम भोर्ले स्वास्थ्य चौकी (२०८१/०७/२१ देखि ०७/२३) र पैयु आधारभूत अस्पताल (मिती २०८१-०७-१२ गते देखि १४) सम्पन्न भएको छ। जसमा सामान्य प्रसूति , प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre eclampsia / Eclampsia को व्यवस्थापन , Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थियो । On-site coaching मा सहभागी ६ जना सेवा प्रदायकहरुलाई प्रशिक्षण मेन्टर प्रतिभा कोइराला ( वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक, शिशुवाअस्पताल ) ले र गर्नु भएको बिरुवा गाउँपालिका का सी.अ.न.मी सुस्मा आले थियो। Onsite coaching को तेश्रो दिन बर्थिङ सेन्टरको गुणस्तर सुधार अनुगमन ( QIP) गरी सुधारको लागि बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो ।









## पोषण पैरवि वैठक तथा अन्तरक्रिया कार्यक्रम

मिती २०८१-०७-२१: स्वास्थ्य कार्यालय पर्वत को आयोजना र मोदी गाउपालिका पर्वत को समन्वय मा पोषण पैरवि वैठक तथा अन्तरक्रिया कार्यक्रम मोदी गाउँपालिकामा सम्पन्न भएको छ ।मोदीगाउपालिका प्रमुख हीरादेवी शर्मा को अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रमुख विमल लामीछाने, प्र प्र अधिकृत बाबुराम पुरीले पोषण कार्यक्रम प्राथमीकतामा राखेर सन्चालन गर्नुपर्नेमा जोड दिनुभयो।कार्यक्रम मा जनप्रतिनिधि ,शाखा प्रमुख कृषक,व्यापारी,कर्मचारी गरि ३४ जनाको उपस्थिति रहेको थियो ।कार्यक्रम को सहजिकरण स्वास्थ्य शाखा प्रमुख उमेश अधिकारी,कृषि शाखा प्रमुख सुस्मिता सापकोटा र स्वास्थ्य कार्यालय पर्वत का कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदीले गर्नुभएको थियो। साथै मिती २०८१/०७/२५ -स्वास्थ्य कार्यालय पर्वतको आयोजनार जलजला गाउपालिका पर्वतको समन्वय मा पोषण पैरवि तथा अन्तरक्रिया कार्यक्रम जलजला गाउपालिकामा सम्पन्न भएको छ। पोषण संग सम्बन्धित सरोकारवाला जनप्रतिनिधि ,स्वास्थ्यकर्मी ,शाखा प्रमुख गरि ३५ जनाको सहभातीता रहेको कार्यक्रम को सहजिकरण स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदी र जलजला गा,पा स्वास्थ्य शाखा प्रमुख गणेश मल्लले गर्नु भएको थियो ।कार्यक्रम मा प्र प्र अ प्रदिप पौडेलले कार्यक्रम सन्चालन गरेकामा स्वास्थ्य कार्यालय पर्वतलाई धन्यवाद दीदै जलजला गा पा मा पोषण कार्यक्रम कार्ययोजना सहित उदारणीय बनाउन स्वास्थ्य शाखालाई निर्देशन दिनुभएको थियो।




## नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी

मिति २०८१/७/८-९: गते -स्वास्थ्य कार्यालय, पर्वतको आयोजना र मोदी गाउँ पालिका स्वास्थ्य शाखाको समन्वयमा  नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी  गाउँपालिकमा सम्पन्न भएको छ। उक्त कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख  श्री प्रवीण शर्माको अध्यक्षता र मोदी गाउँपालिकाका उपाध्यक्ष श्री विमल लामिछानेको प्रमुख आथीत्यता, सामाजिक विकास समिति संयोजक श्री सुक बहादुर गुरुङ,स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखराका खोप अधिकृत श्री एकनारायण लम्साल,WHO/IPD पोखराका Surveillance immunization medical officer श्री डा स्मृति लामा,युनिसेफका प्रतिनिधि ,मोदी गाउँ पालिकाका प्रशासकीय अधिकृत श्री प्रवीण पोख्रेल मोदी गाउँ पालिका स्वास्थ्य शाखा प्रमुख श्री उमेश कुमार अधिकारीको आतिथ्यता र मोदी गाउँ पालिका अन्तर्गतको स्वास्थ्य संस्था प्रमुख, सामुदायीक स्वास्थ्य इकाई का प्रमुख तथा प्रतिनिधि र खोप सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीको सहभागीतामा कार्यक्रम सञ्चालन भएको थियो। २ दिन सम्म सञ्चालन भएको सो कार्यक्रममा स्वास्थ्य निर्देशनालय पोखराका खोप अधिकृत एकनारायण लम्साल,WHO/IPD का SIMO स्मृति लामा, जनस्वास्थ्य अधिकृत ममता ढकाल, जनस्वास्थ्य निरिक्षक प्रकाश गौतम,परिवार नियोजन सुपर भाईजर निरिक्षक श्री नारायण प्रसाद रेग्मी र मोदी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख श्री उमेश कुमार अधिकारीले सहजिकरण गर्नु भएको थियो ।उक्त कार्यक्रममा मोदी गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य संस्था बाट स्वास्थ्य संस्था प्रमुख र खोप दिने स्वास्थ्यकर्मी गरी ३५ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। साथै  मिति २०८१/७/१२-१३: गते फलेबास नगर पालिका र मिति २०८१/७/२८-२९ मा महाशिला गा.पा मा सम्पन्न भएको थियो ।






## मासिक भर्चुअल सेसन भाग

स्वास्थ्य कार्यालय पर्वत द्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ७ अन्तर्गत २०८१ कार्तिक महिनाको सेसन "DHIS -२ VERSION 40 " शिर्षकमा सम्पन्न भएको छ । उक्त सेसनको संचालन स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माले गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य निर्देशालय गण्डकी प्रदेशका तथ्यांक अधिकृत प्रविन भण्डारीले गर्नु भएको थियो। १ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ७० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो।






## विश्व मधुमेह दिवस२०२४

मधुमेह भएका व्यक्तिहरूले नियमित रूपमा १० प्रमुख जाँचहरू गर्नुपर्छ। यसमा रगतमा सुगर, तौल, र रक्तचापको नियमित जाँच समावेश छ। कम्तिमा वर्षको एकपटक आँखाको नानी फुलाएर आँखा जाँच गर्नुपर्ने हुन्छ। खुट्टाको नियमित जाँच पनि आवश्यक छ। वर्षको कम्तिमा एकपटक पिसाबमा एल्बुमिन र यदि एल्बुमिन छैन भने माइक्रोएल्बुमिन जाँच गर्नुपर्छ। तीन महिनाको सुगर अवस्था जान्न वर्षको २-४ पटक ग्लाइकेटेड हेमोग्लोबिन (HbA1C) को जाँच गर्नुपर्छ। मिर्गौलासम्बन्धी जाँच, जस्तो युरिया वा क्रियाटिनिन, वर्षको कम्तिमा एकपटक गर्नु उचित हुन्छ। रक्तमा बोसोको अवस्था थाहा पाउन लिपिड प्रोफाइल जाँच गर्नुपर्छ। अन्त्यमा, नियमित र आवश्यकताअनुसार चिकित्सकसँग परामर्श र अन्य परीक्षणहरू पनि गर्नुपर्छ















# स्थानीय तह विशेष

## PNC Home Visit कार्यक्रमको समिक्षा तथा योजना गोष्ठी कार्यक्रम

मिति २०८१/७/२८ गते स्वास्थ्य शाखा विहादी गाउँपालिका द्वारा आयोजित पालिका स्तरिय उत्तर प्रसुती घर भेट PNC Home Visit कार्यक्रमको समिक्षा तथा योजना गोष्ठी कार्यक्रम पालिकाको सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको सहजीकरण पालिकाका प्रमुख प्रशासकिय अधिकृत हरि प्रसाद भुसाल ज्यूले र उपाध्यक्ष मिना शर्मा तिवारी ज्यूले गर्नु भएको थियो। कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखामा कार्यरत सिर्जना आचार्यले गर्नु भएको थियो। पालिका अन्तर्गत सबै स्वास्थ्य संस्थाको मातृ तथा नवशिशु कार्यक्रम र उत्तर प्रसुती घर भेट कार्यक्रमको प्रगति प्रस्तुतिकरण नर्सिङ स्टाफले गर्नु भएको थियो भने र पालिकाको एकमुष्ट प्रस्तुतिकरण भएको थियो।








## "एक स्वास्थ्यकर्मी , एक स्वाथ्य शिक्षा हाम्रो अभियान" अन्तगर्तको विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम










## नियमित पालिका स्तर मासिक बैठक







## नियमित स्वास्थ्य कार्यक्रमहरु














## कुश्मा नगरपलिका

१. राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी सेवन कार्यक्रम सम्पन्न।

२. मुख स्वास्थ्य परियोजना संचालचार्थ जिभाए नेपाल सँग MOU तथा योजना तर्जुमा गोष्ठी सम्मन्न।

३. सम्पुर्ण वडाका स्वास्थ्य संस्थाबाट NCD कार्यक्रम संचालन।

४. विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम अन्तरगत विभिन्न विद्यालयहरुमा डेंगी रोगको बारेमा कक्षा संचालन।

## फलेबास नगरपलिका

१. स्वास्थ्य संस्थाहरुको प्रमुखहरूको नियमित मासिक बैठक गरी स्वास्थ्य संस्थाहरूबाट महिनाभरि सम्पन्न भएका क्रियाकलापहरूको विषयमा समीक्षा सम्पन्न,

२. नियमित अनुगमन तथा मूल्याङ्कन, विभिन्न प्रशासनिक गतिविधिहरु र औषधि वितरणको कार्य गरिएको।

३. राष्ट्रिय खोप कार्यक्रमको समिक्षा तथा Microplanning कार्यक्रम सम्पन्न।

४. फलेवास नगरपालिका–५ खानीगाउँ स्थित भवानी विद्यापीठ माध्यमिक विद्यालयमा कार्तिक २१ र २२ गते संचालित स्वास्थ्य शिविरमा वि.पि. चिन्तन प्रतिष्ठान काठमाडौं, फलेवास नगरपालिका, खानीगाउँ वडा कार्यालय र भवानी विद्यापीठ माध्यमिक विद्यालय आयोजक रहेको शिविरका लागि खानीगाउँको धुलिखेल अस्पतालले समन्वय गरेको र जासमा तीन सय ५० जनाले मुटु रोग सम्बन्धी, दुई सय २० जनाले हाड, जोर्नी तथा नशा रोग सम्बन्धी, एक सय ५० जनाले छाती रोग सम्बन्धी, दुई सय जनाले दाँत रोग सम्बन्धी, दुई सय जनाले जनरल मेडिसिन सम्बन्धी र महिला प्रजनन रोग सम्बन्धी ७० जनाले १०० जनाले वालबालिकाले स्वास् थ्यसेवा लियएका थिए।

५. ६ महिना देखि ५ बर्षसम्मका बालबलिकालाई भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न।

## मोदी गाउँपालिका

१. बिपन्न नागरिक औसधि उपचार कोष निर्देशिका २०८० अनुसार आर्थिक रुपले बिपन्न नागरिकलाई औषधि उपचार खर्च उपलब्ध गराउने प्रयोजनको लागि स्थानीय तह स्तरमा रहने सिफारिस समितिबाट एकजना बिरामीलाई उपचारका लागि उच्चतहको अस्पतालमा सिफारिस गरिएको, सिफारिस समितिद्वारा चालु आर्थिक वर्षको कार्तिक महिनासम्ममा कुल ९ जना विपन्न वर्गका बिरामीहरुलाई उच्च तहका अस्पतालमा सिफारिस गरिएको,

२. मिति २०८१ साल कार्तिक २१ गते मोदी गाउँपालिकाको समन्वय र स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मोदी गाउँपालिकामा पालिका स्तरीय पोषण पैरवी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न , कार्यक्रममा ३४ जनाको उपस्थिति रहेको।

३. २०८१ साल कार्तिक २६ र २७ गते मोदी गाउँपालिकामा पालिका स्तरीय पोषण कार्यक्रमको समीक्षा तथा कार्य योजना तयारी गोष्ठी सम्पन्न भएको छ। गोष्ठीले मोदी गाउँपालिकाको पोषणसँग सम्बन्धित सूचकाङ्कहरूको विषयमा छलफल तथा विश्लेषण गर्दै चालु आर्थिक वर्षका लागि कार्ययोजना निर्माण गरेको छ। कार्यक्रम मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो।

४. २०८१ साल कार्तिक महिनादेखि मोदी गाउँपालिकाको भ्याक्सिन सब सेन्टरबाट नियमित रुपमा भ्याक्सिन सप्लाइ गर्ने कार्यक्रम सुरुवात भएको,

५. स्वास्थ्य प्रमुखहरूको नियमित मासिक बैठक गरी स्वास्थ्य संस्थाहरूबाट महिनाभरि सम्पन्न भएका क्रियाकलापहरूको विषयमा समीक्षा गर्दै विद्युतीय माध्यमबाट प्रविष्ट गरिएको डाटाहरूमा छलफल गरी त्रुटिहरु सच्याउने कार्य सम्पन्न,

६. नियमित अनुगमन तथा मूल्याङ्कन, विभिन्न प्रशासनिक गतिविधिहरु र औषधि वितरणको कार्य गरिएको।

## जलजला गाउँपालिका

१. मासिक समिक्षा वैठक।

२. लक्षित समुह लाई मासिक ५ हजारका दरले उपलब्ध गराउने उपचार खर्च प्रथम त्रैमासिक को भुक्तान।

३. निशुल्क औषधि खरिद गरि संस्था हरूमा हस्तान्तरण।

४. माईक्रोस्कोपिक सेन्टर को लागि माईक्रोस्कोप खरिद तथा हस्तान्तरण।

५. पोषण कार्यक्रमहरूको समिक्षा तथा योजना गोष्ठि।

## महाशिला गाउँपालिका

१) मासिक समिक्षा वैठक संचालन तथा उत्कृष्ट स्वास्थ्य संस्था पुरस्कृत कार्यक्रम

२) कोभिड १९ विरूद्धको खोप संचालन

३) ५ बर्ष मुनीका बच्चाहरूलाई भिटामिन ए तथा जुकाको औषधी वितरण

४) नसर्ने रोग सम्बन्धि बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन

५) खोपको समिक्षा तथा Microplanning संचालन

## बिहादी गाउँपालिका

१. मासिक समिक्षा तथा असोज महिनाको data verification

२. कार्तिक २ र ३ गते सबै स्वास्थ्य संस्था द्वारा महिला सामुदायिक स्वंय म सेविका मार्फत भिटामिन ए, जुकाको औषधि र बाल बिटा वितरण

३. चितवनको सौराहामा कार्तिक ३ देखि ६ गते सम्म गाउँपालिकाको समन्वय र जागृति बाल तथा युवा सरोकार नेपालको आयोजनामा बाल अधिकार र बाल पोषण सम्वन्धी पूर्नताजगी आवासीय तालिम जसमा जनप्रतिनिधि, सरोकारवाला, स्वास्थ्यकर्मी, शिक्षकहरूको सहभागी

४. वडा नं २ बराचौरमा कृषकहरुलाई २ दिने विषादी रहित खाद्य तथा पोषण सम्वन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

५. पालिका स्तरिय उत्तर प्रसुती घरभेट PNC home visit कार्यक्रमको समिक्षा तथा योजना गोष्ठी सम्पन्न

## पैयु गाउँपालिका

१.विद्यालयहरूमा नसर्ने रोग सम्बन्धि स्वास्थ्य शिक्षा प्रदान।

२.ओटा स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारीलाई on site coaching तथा मेनेटोरिङ सम्पन्न।

३.मासिक समिक्षा बैठक तथा उत्कृष्ट स्वास्थ्य संस्था पुरस्कृत।

४. कोभिड विरूध्दको खोप अभियान सम्पन्न।

५.भिटामिन ए तथा जुकाको औषधी खुवाउने राष्ट्रिय अभियान कार्तिक २ र ३ गते सम्पन्न।